लोक सेवा आयोग

# सूचना-पत्र

**BULLETIN**

साप्ताहिक
(बुधवार प्रकाशित हुने)

| वर्ष ३८<br>YEAR 38 | २०७७ कार्तिक २६ गते<br>11 NOVEMBER 2020 | अंक १७<br>NO. 17 |
|---|---|---|


## विषयसूची


पृष्ठ

**१. जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना** २
(क) रा.प.तृतीय श्रेणी (प्राविधिक)

**२. कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनद्वारा हुने बढुवाको सूचना** ३
(क) स्वास्थ्य सेवाका सातौँ तह

**३. विज्ञापन** ३–७
(क) रा.प.तृतीय श्रेणी, खुला तथा समावेशी (प्राविधिक)
(ख) स्वास्थ्य सेवाका आठौँ र सातौँ तह (आ.प्र., खुला र समावेशी)

**४. विविध** ७
(क) दरखास्त संकलन कार्य स्थगन गरिएको सूचना
(ख) वैकल्पिक सिफारिस सूचना


**उम्मेदवारहरुलाई विशेष जानकारी :** लोक सेवा आयोगबाट प्रकाशित विज्ञापनहरुमा pscolnline.psc.gov.np मा गई दरखास्त दिन सकिन्छ। सम्बन्धित पदको पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

# केन्द्रीय कार्यालय, अनामनगर

## *सूचना तथा प्रकाशन शाखा*

## राजपत्रांकित तृतीय श्रेणी (प्राविधिक) जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ६४/०७७-७८**

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह (प्राविधिक) तर्फका देहायका पदहरुका लागि निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४ घ१क तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा ४ बमोजिम सम्भाव्य उम्मेदवारहरुले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७७/८/३० सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ। दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरुमा दरखास्त बुझाई सक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन । यसरी पर्न आएका दरखास्तहरु आयोगका कार्यालयहरुले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा पठाउनेछन् र दरखास्त व्यवस्थापन केन्द्रले प्राप्त हुन आएका दरखास्त फारामहरुलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ ।

**उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरु**

(क) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्नेछ ।
(ख) निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम बढुवाको लागि बढुवा हुने पदको श्रेणी भन्दा एक श्रेणी मुनिको पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता र न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछ ।
(ग) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।
(घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
(ङ) दरखास्त साथ बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
(च) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।
(छ) दरखास्त दस्तुर रु. १०००।- (एक हजार) बुझाउनु पर्नेछ ।

**विवरण**

| क्र.सं.. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १. | १२१/०७७-७८ | तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | २ (दुई) |
| २. | १२२/०७७-७८ | इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे | ८ (आठ) |
| ३. | १२३/०७७-७८ | इञ्जिनियर, इञ्जि., सिभिल, स्यानिटरी | ६ (छ) |
| ४. | १२४/०७७-७८ | इञ्जिनियर, इञ्जि., सिभिल, हाइड्रोपावर | १ (एक) |
| ५. | १२५/०७७-७८ | हाइड्रोलोजिष्ट इञ्जिनियर, इञ्जि., सिभिल, हाईड्रोलोजी | १ (एक) |
| ६. | १२६/०७७-७८ | मेटेरियोलोजिष्ट., इञ्जि., मेटेरियोलोजी | २ (दुई) |
| ७. | १२७/०७७-७८ | नापी अधिकृत, इञ्जि., सर्भे | ४ (चार) |
| ८. | १२८/०७७-७८ | कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार | २ (दुई) |
| ९. | १२९/०७७-७८ | बागबानी विकास अधिकृत, कृषि, बागबानी | २ (दुई) |
| १०. | १३०/०७७-७८ | मत्स्य विकास अधिकृत, कृषि, मत्स्य | १ (एक) |
| ११. | १३१/०७७-७८ | बाली विकास अधिकृत, कृषि, बाली विकास | १ (एक) |
| १२. | १३२/०७७-७८ | बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण | २ (दुई) |
| १३. | १३३/०७७-७८ | कृषि अर्थ विज्ञ, कृषि, एगृ इको. मार्केटिङ्ग एण्ड. स्टाटिस्टिक्स | १ (एक) |
| १४. | १३४/०७७-७८ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | २ (दुई) |
| १५. | १३५/०७७-७८ | खाद्य अनुसन्धान अधिकृत, कृषि, खा.पो. तथा गु. नि. | १ (एक) |
| १६. | १३६/०७७-७८ | कम्प्युटर इञ्जिनियर, विविध | ३ (तीन) |
| १७. | १३७/०७७-७८ | महिला विकास अधिकृत, विविध | १ (एक) |
| १८. | १३८/०७७-७८ | विद्यालय निरीक्षक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | ६ (छ) |
| १९. | १३९/०७७-७८ | पाठयक्रम अधिकृत (नेपाली), शिक्षा, शिक्षा प्रशासन, नेपाली | १ (एक) |

## स्वास्थ्य सेवाका सातौं तहका पदहरुमा कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ६५/०७७-७८**

कार्यसम्पादन तथा अनुभवको मूल्यांकनद्वारा पूर्ति गर्नु पर्ने देहायका पदहरुका लागि स्वास्थ्य सेवा ऐन, २०५३ (चौथो संशोधन) को दफा ८(१) तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा ४ बमोजिम सम्भाव्य उम्मेदवारहरुले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७७/८/३० सम्ममा दरखास्त दिनुहुन सूचित गरिन्छ।

दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरुमा दरखास्त बुझाई सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन। यसरी पर्न आएका दरखास्तहरु आयोगका कार्यालयहरुले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा पठाउनेछन् र दरखास्त व्यवस्थापन केन्द्रले प्राप्त हुन आएका दरखास्त फारामहरुलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ।

**उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरु**

(क) स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २७ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनु पर्नेछ।
(ख) दरखास्त साथ स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ बमोजिम स्तर बृद्धि भएको पत्र र तल्लो तहको नियुक्ति पत्र पेश गर्नु पर्नेछ।
(ग) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।
(घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।
(च) दरखास्त दस्तुर रु. १०००।- (एक हजार) बुझाउनु पर्नेछ।

| क्र.सं. | बढुवा समायोजन सूचना नं. | सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १. | १४०/०७७-७८ | माइक्रोबायोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., मेडिकल माइक्रोबायोलोजी (सातौं) | १ (एक) |

## राजपत्रांकित तृतीय श्रेणी (प्राविधिक) तथा स्वास्थ्य सेवाका आठौं र सातौं तहका पदको आ.प्र., खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. ६६/०७७-७८**

निजामती सेवा तथा स्वास्थ्य सेवा तर्फका निम्न सेवा, समूह, उपसमूह तथा श्रेणी/तहका आ.प्र., खुला तथा समावेशी पदहरुमा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली psconline.psc.gov.np मार्फत् आवेदन दिनुपर्नेछ।

### (क) राजपत्राङ्कित तृतीय श्रेणी (प्राविधिक)

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | किसिम/समूह | पुनः विज्ञापन पद संख्या | पद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | १७२८३/०७७-७८ | तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | खुला | - | ४ (चार) | ४ (चार) |
| २. | १७२८४/०७७-७८ | तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | महिला | - | १ (एक) | १ (एक) |
| ३. | १७२८५/०७७-७८ | तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | मधेसी | - | १ (एक) | १ (एक) |
| ४. | १७२८६/०७७-७८ | तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | दलित | - | १ (एक) | १ (एक) |
| ५. | १७२८७/०७७-७८ | क. इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे | खुला | - | ११ (एघार) | ११ (एघार) |
| | | ख. इञ्जिनियर, इञ्जि., सिभिल, स्यानिटरी | | - | ७ (सात) | ७ (सात) |
| | | ग. इञ्जिनियर, इञ्जि., सिभिल, हाइड्रोपावर | | - | १ (एक) | १ (एक) |
| | | **जम्मा** | | | **१९ (उन्नाइस)** | **१९ (उन्नाइस)** |
| ६. | १७२८८/०७७-७८ | क. इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे | महिला | - | ३ (तीन) | ३ (तीन) |
| | | ख. इञ्जिनियर, इञ्जि., सिभिल, स्यानिटरी | | - | २ (दुई) | २ (दुई) |
| | | **जम्मा** | | | **५ (पाँच)** | **५ (पाँच)** |
| ७. | १७२८९/०७७-७८ | क. इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे | आ.ज. | - | २ (दुई) | २ (दुई) |
| | | ख. इञ्जिनियर, इञ्जि., सिभिल, स्यानिटरी | | - | १ (एक) | १ (एक) |
| | | **जम्मा** | | | **३ (तीन)** | **३ (तीन)** |
| ८. | १७२९०/०७७-७८ | क. इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे | मधेसी | - | २ (दुई) | २ (दुई) |
| | | ख. इञ्जिनियर, इञ्जि., सिभिल, स्यानिटरी | | - | २ (दुई) | २ (दुई) |
| | | ग. इञ्जिनियर, इञ्जि., सिभिल, हाइड्रोपावर | | - | १ (एक) | १ (एक) |
| | | **जम्मा** | | | **५ (पाँच)** | **५ (पाँच)** |
| ९. | १७२९१/०७७-७८ | क. इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे | दलित | - | १ (एक) | १ (एक) |
| | | ख. इञ्जिनियर, इञ्जि., सिभिल, स्यानिटरी | | - | १ (एक) | १ (एक) |
| | | **जम्मा** | | | **२ (दुई)** | **२ (दुई)** |
| १०. | १७२९२/०७७-७८ | इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे | अपाङ्ग | - | १ (एक) | १ (एक) |
| ११. | १७२९३/०७७-७८ | हाइड्रोलोजिष्ट इञ्जिनियर, इञ्जि., सिभिल, हाइड्रोलोजी | खुला | - | २ (दुई) | २ (दुई) |
| १२. | १७२९४/०७७-७८ | हाइड्रोलोजिष्ट इञ्जिनियर, इञ्जि., सिभिल, हाइड्रोलोजी | महिला | - | १ (एक) | १ (एक) |
| १३. | १७२९५/०७७-७८ | इलेक्ट्रिकल इञ्जिनियर, इञ्जि. इलेक्ट्रिकल, जनरल इलेक्ट्रिकल | खुला | - | १ (एक) | १ (एक) |
| १४. | १७२९६/०७७-७८ | मेटेरियोलोजिष्ट., इञ्जि., मेटेरियोलोजी | खुला | - | १ (एक) | १ (एक) |
| १५. | १७२९७/०७७-७८ | मेटेरियोलोजिष्ट., इञ्जि., मेटेरियोलोजी | महिला | - | १ (एक) | १ (एक) |
| १६. | १७२९८/०७७-७८ | मेटेरियोलोजिष्ट., इञ्जि., मेटेरियोलोजी | मधेसी | - | १ (एक) | १ (एक) |
| १७. | १७२९९/०७७-७८ | नापी अधिकृत, इञ्जि., सर्भे | खुला | - | ५ (पाँच) | ५ (पाँच) |
| १८. | १७३००/०७७-७८ | नापी अधिकृत, इञ्जि., सर्भे | महिला | - | १ (एक) | १ (एक) |
| १९. | १७३०१/०७७-७८ | नापी अधिकृत, इञ्जि., सर्भे | आ.ज. | - | १ (एक) | १ (एक) |
| २०. | १७३०२/०७७-७८ | नापी अधिकृत, इञ्जि., सर्भे | मधेसी | - | २ (दुई) | २ (दुई) |

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | किसिम/ समूह | पुनः विज्ञापन पद संख्या | पद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| २१. | १७३०३/०७७-७८ | नापी अधिकृत, इन्जि., सर्भे | दलित | - | १ (एक) | १ (एक) |
| २२. | १७३०४/०७७-७८ | क. कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार | खुला | - | ३ (तीन) | ३ (तीन) |
| | | ख. बागबानी विकास अधिकृत, कृषि, बागबानी | | - | २ (दुई) | २ (दुई) |
| | | ग. बाली विकास अधिकृत, कृषि, बाली विकास | | - | १ (एक) | १ (एक) |
| | | घ. बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण | | - | १ (एक) | १ (एक) |
| | | **जम्मा** | | | **७ (सात)** | **७ (सात)** |
| २३. | १७३०५/०७७-७८ | क. कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार | महिला | - | १ (एक) | १ (एक) |
| | | ख. बागबानी विकास अधिकृत, कृषि, बागबानी | | - | १ (एक) | १ (एक) |
| | | ग. बाली विकास अधिकृत, कृषि, बाली विकास | | - | १ (एक) | १ (एक) |
| | | घ. बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण | | - | १ (एक) | १ (एक) |
| | | ङ. कृषि अर्थ विज्ञ, कृषि, एगृ इको. मार्केटिङ्ग एण्ड. स्टाटिस्टिक्स | | - | १ (एक) | १ (एक) |
| | | **जम्मा** | | | **५ (पाँच)** | **५ (पाँच)** |
| २४. | १७३०६/०७७-७८ | क. बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण | आ.ज. | - | १ (एक) | १ (एक) |
| | | ख. कृषि अर्थ विज्ञ, कृषि, एगृ इको. मार्केटिङ्ग एण्ड. स्टाटिस्टिक्स | | १ (एक) | - | १ (एक) |
| | | ग. माटो विज्ञ, कृषि, माटो विज्ञान | | - | १ (एक) | १ (एक) |
| | | **जम्मा** | | **१ (एक)** | **२ (दुई)** | **३ (तीन)** |
| २५. | १७३०७/०७७-७८ | बागबानी विकास अधिकृत, कृषि, बागबानी | मधेसी | - | १ (एक) | १ (एक) |
| २६. | १७३०८/०७७-७८ | कृषि अर्थ विज्ञ, कृषि, एगृ इको. मार्केटिङ्ग एण्ड. स्टाटिस्टिक्स | दलित | १ (एक) | - | **१ (एक)** |
| २७. | १७३०९/०७७-७८ | क. बागबानी विकास अधिकृत, कृषि, बागबानी | अपाङ्ग | - | १ (एक) | १ (एक) |
| | | ख. कृषि अर्थ विज्ञ, कृषि, एगृ इको. मार्केटिङ्ग एण्ड. स्टाटिस्टिक्स | | १ (एक) | - | १ (एक) |
| | | **जम्मा** | | **१ (एक)** | **१ (एक)** | **२ (दुई)** |
| २८. | १७३१०/०७७-७८ | मत्स्य विकास अधिकृत, कृषि, मत्स्य | खुला | - | १ (एक) | १ (एक) |
| २९. | १७३११/०७७-७८ | मत्स्य विकास अधिकृत, कृषि, मत्स्य | आ.ज. | - | १ (एक) | १ (एक) |
| ३०. | १७३१२/०७७-७८ | पशु विकास अधिकृत, कृषि, ला.पो. एण्ड. डे. डे. | आ.ज. | - | १ (एक) | १ (एक) |
| ३१. | १७३१३/०७७-७८ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | खुला | - | ३ (तीन) | ३ (तीन) |
| ३२. | १७३१४/०७७-७८ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | अपाङ्ग | - | १ (एक) | १ (एक) |
| ३३. | १७३१५/०७७-७८ | कृषि इन्जिनियर, कृषि, एगृ इन्जिनियरिङ्ग | दलित | - | १ (एक) | १ (एक) |
| ३४. | १७३१६/०७७-७८ | खाद्य अनुसन्धान अधिकृत, कृषि, खा.पो. तथा गु.नि. | खुला | - | १ (एक) | १ (एक) |
| ३५. | १७३१७/०७७-७८ | खाद्य अनुसन्धान अधिकृत, कृषि, खा.पो. तथा गु.नि. | मधेसी | - | १ (एक) | १ (एक) |
| ३६. | १७३१८/०७७-७८ | कम्प्युटर इन्जिनियर, विविध | खुला | - | ४ (चार) | ४ (चार) |
| ३७. | १७३१९/०७७-७८ | कम्प्युटर इन्जिनियर, विविध | महिला | - | १ (एक) | १ (एक) |
| ३८. | १७३२०/०७७-७८ | कम्प्युटर इन्जिनियर, विविध | आ.ज. | - | १ (एक) | १ (एक) |
| ३९. | १७३२१/०७७-७८ | कम्प्युटर इन्जिनियर, विविध | मधेसी | - | १ (एक) | १ (एक) |
| ४०. | १७३२२/०७७-७८ | कम्प्युटर इन्जिनियर, विविध | दलित | - | १ (एक) | १ (एक) |
| ४१. | १७३२३/०७७-७८ | महिला विकास अधिकृत, विविध | महिला | - | १ (एक) | १ (एक) |
| ४२. | १७३२४/०७७-७८ | विद्यालय निरीक्षक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | खुला | - | ८ (आठ) | ८ (आठ) |
| ४३. | १७३२५/०७७-७८ | विद्यालय निरीक्षक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | महिला | - | ३ (तीन) | ३ (तीन) |
| ४४. | १७३२६/०७७-७८ | विद्यालय निरीक्षक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | आ.ज. | - | २ (दुई) | २ (दुई) |
| ४५. | १७३२७/०७७-७८ | विद्यालय निरीक्षक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | मधेसी | - | १ (एक) | १ (एक) |
| ४६. | १७३२८/०७७-७८ | विद्यालय निरीक्षक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | दलित | - | १ (एक) | १ (एक) |
| ४७. | १७३२९/०७७-७८ | पाठ्यक्रम अधिकृत (नेपाली), शिक्षा, शिक्षा प्रशासन, नेपाली | आ.ज. | - | १ (एक) | १ (एक) |

## (ख) स्वास्थ्य सेवाका आठौं तह

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | विज्ञापन किसिम | पुनः विज्ञापन पद संख्या | पद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | १७३३०/०७७-७८ | होमियोप्याथी चिकित्सक, स्वास्थ्य, होमियोप्याथी | खुला | - | २ (दुई) | २ (दुई) |
| २. | १७३३१/०७७-७८ | होमियोप्याथी चिकित्सक, स्वास्थ्य, होमियोप्याथी | महिला | - | १ (एक) | १ (एक) |

## (ग) स्वास्थ्य सेवाका सातौं तह

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | विज्ञापन किसिम | पुनः विज्ञापन पद संख्या | पद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | १७३३२/०७७-७८ | मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | आ.प्र. | - | १ (एक) | १ (एक) |
| २. | १७३३३/०७७-७८ | मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | खुला | - | १ (एक) | १ (एक) |
| ३. | १७३३४/०७७-७८ | मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | आ.ज. | - | १ (एक) | १ (एक) |
| ४. | १७३३५/०७७-७८ | माइक्रोबायोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., मेडिकल माइक्रोबायोलोजी | आ.प्र. | - | २ (दुई) | २ (दुई) |
| ५. | १७३३६/०७७-७८ | माइक्रोबायोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., मेडिकल माइक्रोबायोलोजी | खुला | - | ३ (तीन) | ३ (तीन) |
| ६. | १७३३७/०७७-७८ | माइक्रोबायोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., मेडिकल माइक्रोबायोलोजी | महिला | - | १ (एक) | १ (एक) |
| ७. | १७३३८/०७७-७८ | माइक्रोबायोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., मेडिकल माइक्रोबायोलोजी | आ.ज. | - | १ (एक) | १ (एक) |
| ८. | १७३३९/०७७-७८ | माइक्रोबायोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., मेडिकल माइक्रोबायोलोजी | मधेसी | - | १ (एक) | १ (एक) |

**परीक्षाको किसिमः-** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।
**परीक्षा मिति :-** पछि प्रकाशन गरिनेछ ।
**परीक्षा केन्द्रः-** काठमाडौं । (विद्यालय निरीक्षक पदको लागि आयोगको धनकुटा, जलेश्वर, काठमाडौं, पोखरा, बुटवल, सुर्खेत र दिपायल कार्यालयमा परीक्षा सञ्चालन हुनेछ ।)
**दरखास्त दस्तुरः-** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. १,०००।- (एक हजार) बुझाउनु पर्नेछ । एकै सेवा/समूह/उपसमूहको पदका समावेशी समूह तथा आ.प्र. तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह/आ.प्र. प्रत्येकका लागि रु. ४००।- (चार सय) थप दस्तुर बुझाउनु पर्नेछ ।
**दरखास्त दिने अन्तिम मिति :** २०७७/८/१६ र दोब्बर दस्तुर तिरी २०७७/८/२३ सम्म ।
**उम्मेदवारको उमेरको हद :**

- निजामती सेवा तर्फका पदहरुको हकमा २०७७/८/१६ सम्म २१ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।
- स्वास्थ्य सेवा तर्फका पदहरुको हकमा २०७७/८/१६ सम्म २१ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको ।
- बहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थान :** आयोगको अनलाईन दरखास्त प्रणालीबाट फर्म submit गरेपछि Payment Tab को view applied advertisement मा Click गरी आफूले Apply गरेको list मा रहेको "तिर्नुहोस्" Link मा Click गर्ने । त्यसपछि देखिने शर्त मन्जुर गर्ने Check Box मा Tick लगाउने । त्यसपछि देखिने **राष्ट्रिय वाणिज्य बैंक/ग्लोबल आई.एम.ई. बैंक/एन.आइ.सी. एशिया बैंक/कुमारी बैंक** मध्ये आफूलाई पायक पर्ने कुनै एक बैंकमा क्लिक गर्नु पर्नेछ । सो पश्चात् अनलाइन वा बैंक भौचर मध्ये आफूले भुक्तानी गर्ने कुनै एक विधि छनौट गरिसकेकपछि तलका विकल्पहरुबाट दरखास्त दस्तुर बुझाउन सकिनेछ ।

**बैंक भौचर मार्फत दरखास्त दस्तुर बुझाउने विधि :** बैंक भौचरबाट भुक्तानी गर्न दिइएको check box मा Tick लगाइ activate हुने print button मा click गरी भौचर Print गरेर उक्त बैंकको नजिकको शाखामा गई भौचर पेश गरी रकम बुझाउन सकिन्छ । उक्त भौचर विना बैंकहरुले नगद नबुझ्ने भएकोले अनिवार्य रुपमा भौचर प्रिन्ट गरी साथै लिइ जानुपर्नेछ । उल्लेखित बैङ्कहरुका नेपाल भरिका सबै शाखाहरुबाट नगद बुझाउन सकिने छ ।

**अनलाइन मार्फत दरखास्त दस्तुर बुझाउने विधि :** अनलाइन विधिबाट भुक्तानी गर्न Connect IPS प्रणालीमा login गरी आफ्नो बैंक खाता छानी सोझै दस्तुर बुझाउन सकिनेछ । Connect IPS को सेवा प्रयोग गर्नु पूर्व एक पटक www.connectips.com मा गई Sign Up गर्नका साथै उक्त प्रणालीसँग जोडिएका बैंकहरुमध्ये आफ्नो खाता रहेको बैंकको खातालाई link गरी सो बैंकबाट verify गराएको हुनुपर्नेछ ।

**दरखास्त दस्तुर बुझाउने अवधि :-** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ ।

**अपलोड गर्नुपर्ने कागजातहरु :** **उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा** PDF Format मा **अपलोड गर्नु पर्नेछ । सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडिको भाग स्क्यान गरी** JPG Format मा **अपलोड गर्नु पर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ ।**

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।
**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी ।
**तलबः-** प्रचलित कानून बमोजिम ।
**सेवा सम्बन्धी मन्त्रालयः-** सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएका सम्बन्धित मन्त्रालय ।

## आवश्यक न्यूनतम योग्यताः

***(क) स्वास्थ्य सेवा, आ.प्र. तर्फका पदको लागि***

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ (चौथो संशोधन) को दफा २६ र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ (संशोधन सहित) को नियम ८१ बमोजिम तोकिएको शैक्षिक योग्यता र सेवा अवधि पूरा गरेको तथा ऐनको दफा २७ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ । नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(१) समेतका आधारमा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ७ मा तोकिएका देहाय बमोजिमका आवश्यक न्यूनतम योग्यता पुगेका स्वास्थ्य सेवाका कर्मचारी हुनु पर्नेछ । दरखास्त दिने उम्मेदवारहरु दरखास्त दिने अन्तिम मितिसम्ममा अनिवार्य रुपमा मेडिकल काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।

१. **स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे., सातौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजीमा स्नातक उपाधि प्राप्त ।
२. **स्वास्थ्य, मे.ल्या.टे., मेडिकल माइक्रोबायोलोजी, सातौं तह :-** मेडिकल माइक्रोबायोलोजीमा स्नातक उपाधि प्राप्त ।

***(ख) खुलाको लागि***

***(अ) निजामती सेवा तर्फ***

निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको हुनुका साथै निजामती सेवा नियमावली, २०५० को नियम १५ बमोजिम तोकिएका देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्नेछ ।

१. **आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा गणित वा जनसंख्या शास्त्र वा एप्लाइड स्टाटिस्टिक्स विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण वा तथ्याङ्क विषय सहित कुनै विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण ।
२. **इन्जि., सिभिल, हाइवे :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा हाइवे इञ्जिनियरिङ्ग वा ट्रान्स्पोर्टेशन इञ्जिनियरिङ्ग वा स्ट्रक्चरल इञ्जिनियरिङ्ग विषयमा कम्तीमा बी.ई. वा सो सरह उत्तीर्ण ।
३. **इन्जि, सिभिल, स्यानिटरी :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा स्यानिटरी इञ्जिनियरिङ्ग वा पब्लिक हेल्थ इञ्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।
४. **इन्जि., सिभिल, हाइड्रोपावर :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा सिभिल एण्ड इन्भारोमेन्टल इञ्जिनियरिङ्ग वा हाइड्रोपावर इञ्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।
५. **इन्जि., सिभिल, हाइड्रोलोजी :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह वा हाइड्रोलोजीमा स्नातकोत्तर डिप्लोमा उपाधि वा हाइड्रोलोजी विषय लिई जियोलोजीमा एम. एस्सी. वा हाइड्रोलोजी विषय लिई मेटेरियोलोजीमा एम.एस्सी वा एम. टेक. वा सो सरह उत्तीर्ण ।
६. **इन्जि., इलेक्ट्रिकल, जनरल इलेक्ट्रिकल :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल इञ्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण वा कम्तिमा इलेक्ट्रिक मेशिन, पावर सिस्टम, कन्ट्रो सिस्टम, पावर इलेक्ट्रोनिक्स, स्विच गियर एण्ड प्रोटेक्शन, पावर सर्किट थ्योरी एण्ड नेटवर्क विषय लिई इलेक्ट्रिल एण्ड इलेक्ट्रोनिक्स वा इलेक्ट्रिकल एण्ड कम्प्युटर इञ्जिनियरिङ्ग विषयमा बी.एस्सी वा बी.ई. वा बी.टेक वा सो सरह उत्तीर्ण ।

७. **इन्जि., मेटेरियोलोजी :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेटेरियोलोजी विषयमा बी.एस्सी. वा सो सरह वा विज्ञानमा स्नातक उपाधि हासिल गरी WMO को स्ट्याण्डर्ड अनुसार कम्तीमा एक वर्षको तालिम प्राप्त ।

८. **इन्जि., सर्भे :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्भे वा जियोमेटिक्स इन्जिनियरिङ्गमा स्नातक वा सो सरह उत्तीर्ण गरेको । *मिति २०६८।७।२१ मा प्रकाशित राजपत्र भाग ५ को सूचना बमोजिम सम्वत् २०६८ साल भदौ १२ गतेको राजपत्रमा शैक्षिक योग्यता सम्बन्धी सूचना प्रकाशित हुनु अघि इन्जिनियरिङ्ग सेवा, सर्भे समूहमा वहाल रहेका कर्मचारीको हकमा त्यस्तो सेवा, समूहमा प्रवेश गर्दा तोकिएको शैक्षिक योग्यता नै न्यूनतम शैक्षिक योग्यता मानिनेछ ।*

९. **कृषि, कृषि प्रसार, बागबानी, बाली विकास, बाली संरक्षण र माटो विज्ञान :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी. एगृ.) वा सो सरह उत्तीर्ण ।

१०. **कृषि, एगृ इको.मार्केटिङ्ग एण्ड स्टाटिस्टिक्स :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एगृ इकोनोमिक्स वा एगृ बिजनेश मुख्य विषय लिई स्नातक तह (बी.एस्सी. एगृ.) वा सो सरह उत्तीर्ण ।

११. **कृषि, कृषि मत्स्य :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मत्स्य पालन विषय लिई स्नातक तह बी.एस्सी. एगृ./बी.भी. एस्सी/बी.एस्सी (पशु विज्ञान)/ बी.भी. एस्सी एण्ड ए.एच उत्तीर्ण ।

१२. **कृषि, ला.पो. एण्ड डे.डे. :-** पशु विज्ञान मुख्य विषय लिई बी.एस्सी.एजी उत्तीर्ण वा बि.टेक. (डेरी टेक्नोलोजी) वा बी.भी.एस्सी. एण्ड ए.एच. वा बी.भी.एस्सी./ डि.भि.एम. वा बि.टेक.एड. (लाइभस्टक एक्सटेन्सन) वा सो सरह उत्तीर्ण ।

१३. **कृषि, भेटेरिनरी :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.भी.एस्सी. एण्ड ए.एच.वा बि.भी.एस्सी. वा डि.भि.एम. वा सो सरह उत्तीर्ण गरी नेपाल पशु चिकित्सा परिषद्मा दर्ता भएको ।

१४. **कृषि, एगृ. इञ्जिनियरिङ्ग :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि इन्जिनियरिङ्ग विषयमा स्नातक तह (B.Sc.Ag.Eng) वा सो सरह उत्तीर्ण ।

१५. **कृषि, खा.पो. तथा गु.नि. :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा ४ वर्ष अवधिको खाद्य विज्ञान/खाद्य प्रविधि/खाद्य इन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण वा साधारण विज्ञान विषयमा स्नातक तह उत्तीर्ण गरी खाद्य विज्ञान/खाद्य प्रविधि/खाद्य इन्जिनियरिङ्ग/खाद्य सुरक्षा/खाद्य बायोटेक्नोलोजी/खाद्य माइक्रोबायोलोजी/खाद्य टक्सीकोलोजी/खाद्य बायोकेमिष्ट्री/मानव पोषण विषयहरुमध्ये कुनै एकमा कम्तीमा २ वर्ष अवधिको स्नातकोत्तर तह उत्तीर्ण ।

**कृषि सेवाका विभिन्न समूह :-** *मिति २०६९।८।२५ मा प्रकाशित नेपाल राजपत्र भाग ५ को सूचना बमोजिम स्पष्टिकरणमा उल्लेख भए बमोजिम "माथि विभिन्न प्रकरणमा विभिन्न समूहहरुका विभिन्न श्रेणीहरुका लागि तोकिएको शैक्षिक योग्यता यो सूचना प्रकाशन हुनुभन्दा अगाडि सेवा प्रवेश गरेका निजामती कर्मचारीहरुको हकमा लागु हुने छैन र त्यस्ता निजामती कर्मचारीहरुको हकमा साविक नियममा उल्लेखित व्यवस्था अनुसार नै हुनेछ ।"*

१६. **विविध, कम्प्युटर इन्जिनियर :-** कम्प्युटर इन्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रोनिक इन्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रिकल र इलेक्ट्रोनिक इन्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रोनिक र कम्पयूनिकेशन इन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण ।

१७. **विविध, महिला विकास अधिकृत :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण ।

१८. **शिक्षा, शिक्षा प्रशासन, निरीक्षण :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण ।

१९. **शिक्षा, शिक्षा प्रशासन, नेपाली :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट नेपाली मूल विषय लिई शिक्षाशास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण ।

### *(आ) स्वास्थ्य सेवातर्फ*

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनुका साथै नेपाल स्वास्थ्य नियमावली, २०५५ को अनुसूची-६ मा उल्लेखित देहाय बमोजिमको शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ । दरखास्त दिने उम्मेदवारहरु दरखास्त दिने अन्तिम मितिसम्ममा अनिवार्य रुपमा सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।

१. **स्वास्थ्य, होमियोप्याथी, आठौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट होमियोप्याथीमा स्नातक उपाधि प्राप्त ।

२. **स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे., सातौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजीमा स्नातक उपाधि प्राप्त ।

३. **स्वास्थ्य, मे.ल्या.टे., मेडिकल माइक्रोबायोलोजी, सातौं तह :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल माइक्रोबायोलोजीमा स्नातक उपाधि प्राप्त ।

## उम्मेदवारले पेश गर्नुपर्ने थप कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशन

दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु पेश गर्नुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ ।

### अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु

(क) <u>आदिवासी/जनजातिका हकमा :</u> नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) <u>दलितका हकमा :</u> राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ग) <u>अपाङ्गका हकमा :</u> समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको बर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र ।

(घ) <u>मधेसीका हकमा :</u> नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात,
तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(ङ) <u>पिछडिएको क्षेत्रका हकमा :</u> निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७), संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा १७ को उपदफा (६) को स्पष्टीकरण खण्ड (१) तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) को स्पष्टिकरण खण्ड (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडी सम्मको सिफारिशको आधारमा ।
स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाइँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराइको हकमा छाडेको र गएको स्थानीय तह/निकायको बसाइँसराइ गरेको खुल्ने कागजात ।

### द्रष्टव्य

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(ख) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ग) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन ।

(घ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ङ) उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने किसिम/समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ अन्यथा परीक्षामा समावेश गराईने छैन ।

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

(छ) महिला विकास अधिकृत पदमा महिलाले मात्र प्रतिस्पर्धा गर्न पाउनेछन् ।

(ज) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(झ) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट प्राप्त गर्न सकिने छ ।

## दरखास्त संकलन कार्य स्थगन गरिएको सूचना

**सूचना नं. ६३/०७७-७८**

सम्मानित सर्वोच्च अदालतवाट मिति २०७७/७/१७ मा यस आयोगको नाउँमा जारी भएका विभिन्न ३ वटा अल्पकालिन आदेशहरुको कार्यान्वयनका लागि आयोगको मिति २०७७/७/१९ को निर्णयानुसार आयोगवाट मिति २०७७/६/२८ गते प्रकाशित रा.प.प्रथम र द्वितीय श्रेणी (प्राविधिक/अप्राविधिक) पदहरु तथा स्वास्थ्य सेवाका एघारौं र नवौं तहका पदहरुको बढुवा सूचनाहरु लगायत आ. प्र., खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाका विज्ञापनहरुमा दरखास्त लिने कार्य मिति २०७७/७/१९ देखि अर्को सूचना प्रकाशन नभएसम्मका लागि स्थगन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

## वैकल्पिक सिफारिस सूचना

आयोगका देहायका विज्ञापन अनुसार सिफारिस भएका मुख्य उम्मेदवारहरुको पद निम्न लिखित कारणले रिक्त हुन आएको हुँदा वैकल्पिक उम्मेदवारहरुलाई सिफारिस गर्ने निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सूचना नं. | वि.नं. रकार्यालय | पद, सेवा, समूह, उपसमूह रश्रेणी/तह | मुख्य योग्यताक्रमका उम्मेदवार | | | वैकल्पिक सिफारिस गरिएको उम्मेदवार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | यो.क्र.नं. | नाम, थर | पद रिक्त हुनुको कारण | वै.यो.क्र.नं | रोल नं. | नाम, थर |
| ३१/०७७-७८ | १२००८/०७५-७६ (खुला) काठमाडौं कार्यालय | प्राविधिक सहायक, शिक्षा शिक्षा प्रशासन, पाँचौं | ३० | राजु चौलागाई | नियुक्ती नलिएको | २ | ३११४८८ | उमेश उप्रेती |
| ६/०७७-७८ | १२५१०/०७५-७६(खुला) हेटौंडा कार्यालय | सहायक, प्रशासन, सामान्य प्रशासन, चौथो | ७ | नविनराज रुवाली | पदोन्नति | ५ | ४११७८१ | दुरदर्शी थापा |
| १३/०७७-७८ | १२९५५/०७५-७६(महिला) पोखरा कार्यालय | सब-इञ्जिनियर, इञ्जि., सिभिल, पाँचौं | २५ | फुलू शेर्पा | नियुक्ती नलिएको | २ | ४५०३३३ | जुनु बाग |
| ६/०७७-७८ | १५८०८/०७५-७६(खुला) दिपायल कार्यालय | असिष्टेण्ट सब-इञ्जिनियर, इञ्जि., सिभिल, चौथो | ३४ | लोकेन्द्र बहादुर रावल | नियुक्ती नलिएको | ३ | ७७०५३७ | चेत बहादुर कठायत |

प्रकाशकः लोक सेवा आयोग, सूचना तथा प्रकाशन शाखा
ई-मेलः: info@psc.gov.np वेभसाइटः www.psc.gov.np
टेलिफोन नं.: ०१-४७७१३५५, फ्याक्स नं. : ०१-४७७१४९० पोष्ट बक्स नं.: ८९७९, काठमाडौं २०७७/०७/२६ बुधबार